**निर्णय नं ४**

दैनिक उपभोग्य वस्तु किनमेल तथा बेचविखनका लागि पसलहरु व्यवस्थित ढंगले संचालन गर्ने व्यवस्था मिलाउने, पसल अगाडि अनिवार्य रुपमा साबुनपानीले हात धुने व्यवस्था गर्न लगाउने तथा भिडभाड नगराई कम्तीमा १ मिटर दुरी कायम गरी किनमेल गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ५**

भारत तथा अन्य देशबाट आएका व्यक्तिहरुलाई वडा स्तरमै निरन्तर निगरानी गरी घरमै क्वारेन्टाइनमा बस्न लगाइ कुनै शंकास्पद लक्षण देखिएमा वडा स्तरीय समितिले समन्वय गरी तत्काल थप उपचारका लागि तत्काल गाउँपालिकाद्वारा स्थापित क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ६**

दैनिक उपभोग्य बस्तुको सहज उपलब्धता सुनिश्चित गर्न, कालोबजारी र कृत्रिम अभाव सिर्जना हुन नदिन वडा स्तरमै राजनीतिक दल समेतको सहभागितामा वडा स्तरीय अनुगमन गरी उपभोक्ताले सहज र सुलभ रुपमा उपभोग्य वस्तु प्राप्त गर्ने अवस्थाको सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

कोरोना भाइरसको संभावित संक्रमण फैलन नदिन लकडाउन(बन्दाबन्दी)लाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

स्वास्थ्य संस्थामा खटिएका स्वास्थ्यकर्मीहरुलाई लकडाउन शुरु भएको मिति २०७६।१२।११ गतेदेखि अवस्था सामान्य नहुन्जेल सम्मका लागि शुरु तलबस्केलको २० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

दाल, चामल, लगायतका राहत सामाग्री खरीद एवं व्यवस्थापनका लागि स्वास्थ्य संयोजक विष्णुदेव खनाल, लेखापाल विष्णुप्रसाद ढकाल तथा कार्यपालिका सदस्य श्री लिला ज्ञवाली आचार्यलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं १०**

कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई तथ्यांक संकलन एवं समन्वय, भारत लगायत अन्य देशहरुबाट आएका व्यक्तिहरुको निगरानी र रिपोर्टिङका लागि संचार खर्च स्वरुप रु. ५००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११

कोरोना रोग रोकथाम तथा नियन्त्रण र राहत सहायता उपलब्ध गराउन गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा थप १५,००,०००।- निकासा गरी उक्त कोषमा सहयोग गर्न इच्छुक सामाजिक संघसंस्था, व्यक्ति तथा समुदायलाई सहयोगका लागि सार्वजनिक आव्हान गर्ने निर्णय गरियो ।